# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण

## २०७८ साल श्रावण, भाद्र र आश्विन महिनामा सम्पादित क्रियाकलाप विवरण

०८८/८/१४

जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा

## जिल्ला समन्वय समितिको परिचयः

नेपालको संविधान (२०७२) को धारा २२० मा व्यवस्था भए बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार अनुसार जिल्ला समन्वय समिति तथा जिल्ला सभा गठन भइ सञ्चालनमा रहेको छ ।

### १. जिल्ला सभा र जिल्ला समन्वय समिति (नेपालको संविधान धारा २२० वमोजिम)

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभा रहने,
- जिल्ला सभामा गाउँ पालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने,
- जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा ३ जना महिला र १ जना दलित वा अल्पसंख्यक सहित बढीमा ९ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने,
- सम्वन्धित जिल्ला भित्रको गाउँ सभा र नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको उमेद्वार हुने

### २. जिल्ला सभाको काम कर्तव्य र अधिकार

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने,

### ३. स्थानीय सरकार सञ्चालन ऐन अनुसार जिल्ला सभा र जिल्ला समन्वय समितिका काम, कर्तब्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९२ अनुसार प्रदेश कानुनले अन्यथा ब्यवस्था नगरेसम्मको लागि नेपालको संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा ब्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

ख) जिल्लाभित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माणसम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा ब्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत वा पर्यावरणिय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय तथा सहजिकरण गर्ने,

च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद ब्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

झ) आफ्नो काम कारवाहीको सम्वन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी वनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्त्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

## ४. जिल्ला समन्वय समितिको पदाधिकारी विवरण:

जिल्ला समन्वय समिति प्रमुख - १

जिल्ला समन्वय समिति उपप्रमुख - १

जिल्ला समन्वय समिति सदस्य - ६

जम्मा - ८ जना

## ५. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको दरबन्दी तथा हाल कार्यरत विवरण:

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी संख्या | पदपूर्तिको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ३ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | सिभिल | १ | ० | |
| ४ | नायव सुव्वा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६ | सव इन्जिनियर | रा.प.अन.प्रथम | इन्जि. | सिभिल | १ | ० | |
| ७ | खरिदार | रा.प.अन.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | ३ | २ | |
| ९ | ह.स.चा. | श्रेणीविहिन | | | ३ | २ | |
| जम्मा | | | | | १३ | ९ | |
| १० | नायव सुव्वा | रा.प.अन.प्रथम | | | १ | १ | करार (प्रमुखज्यूको निजी सचिवालयमा) |
| ११ | लेखापाल | सहायकस्तर पाँचौं | प्रशासन | लेखा | | १ | अस्थायी (सर्वोच्च अदालतबाट मुद्दा फैसला भइ पदपूर्तिको प्रकृयामा रहेको) |
| १२ | चौकीदार (सुरक्षा गार्ड) | श्रेणीविहिन | | | | २ | करार |
| १३ | सरसफाईकर्मी | | | | | १ | करार |

## ६. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको संगठन संरचना:



## ७. ऐन, नियम र निर्देशिकाहरुको विवरण:

नेपालको संविधानको अतिरिक्त हाल सम्म जिल्ला सभा तथा जिल्ला समन्वय समितिलाई देहाय बमोजिम ऐन नियम र निर्देशिकाहरुले निर्देशित गरेको छ।

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
ख) जिल्ला सभा ऐन, २०७५
ग) जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
घ) जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५

उपरोक्त ऐन नियमका अतिरिक्त संघीय सरकार एवं प्रदेश सरकारद्वारा जारी भएका ऐन नियमहरु कार्यान्वयन गर्नु यस कार्यालयको दायित्त्व रहेको छ।

## ८. क्रियाकलाप विवरण:

### क) आ.व. २०७७/०७८ को वार्षिक प्रगति समीक्षा:

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद १२ जिल्ला सभा सम्बन्धी व्यवस्था अन्तर्गत दफा ९२(ञ) मा "जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एकपटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्त्व गर्ने संसद सदस्यहरुलाई आमन्त्रण गरी सुझाव लिने" भन्ने व्यवस्था अन्तर्गत मिति २०७८ साल आश्विन २० र २१ गतेका दिन जिल्ला समन्वय समितिको आयोजनामा धनकुटा जिल्लामा रहेका ७ वटै स्थानीय तह, संघ तथा प्रदेश सरकार अन्तर्गतका सरकारी कार्यालयहरु एवम् जिल्लास्थित गैर सरकारी संस्थाहरुद्वारा आ.व. २०७७/०७८ मा सञ्चालित बजेट योजना तथा कार्यक्रमहरुको वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न गरियो।

## ९. आम्दानी, खर्च तथा तथा आर्थिक कारोवार सम्बन्धि विवरण:

यस कार्यालयलाई संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त देहाय बमोजिम बजेट प्राप्त भइ खर्च रहेको छ।

**संघीय सरकारबाट प्राप्त बजेटको खर्च विवरण:**

| क्र.सं. | खर्च शीर्षक | रकम | आश्विन मसान्तसम्मको खर्च |
|---|---|---|---|
| १ | कर्मचारी तलव भत्ता, पदाधिकारीहरुको पारिश्रमिक बैठक भत्ता समेत | ९४२४०००।०० | २५७७०२३।३० |
| २ | कार्यक्रम खर्च समीक्षा बैठक सहित | ४५०००००।०० | २०८४८०।०० |
| ३ | अनुगमन तथा भ्रमण खर्च | ८८५०००।०० | १७६०८०।०० |
| ४ | करार सेवा निजी सचिवालय | ४२६०००।०० | १२९५९०।०० |
| ५ | अनिवार्य दायित्त्व सहितका कार्यालय सञ्चालन खर्च | २४०८०००।०० | ३६२२९०।०० |
| जम्मा | | १३५९३०००।०० | ३४५३४६३।३० |
| ६ | को ले नि का विविध खाता (सवारी साधन मर्मत) | | ४७९०९६।०० |
| ७ | को ले नि का विविध खाता (स्वास्थ्य सामग्री खरिद) | | १६०७९०।०० |

## १०. अन्य आन्तरिक आम्दानी विवरण:००